

# शोभा गुरुङ : सफल उद्यमी



● दिपा नेपाली

शोभा गुरुङ नेपाली उद्योग क्षेत्रको सफल व्यक्तित्वको नाम हो । जीवनलाई संघर्षसँग तुलना गर्दै अघि बढने सशक्त शोभा जीवनलाई परिभाषित गर्दै भन्नुहुन्छ, 'दुःख, पीडा, सुखसयल सबै जिन्दगी हो । समग्रमा संघर्ष, त्याग वा सुख भोग गर्न मात्र होइन समयसँगै समायोजित हुँदै अघि बढन सक्नु सार्थक जीवन हो' । आफू पनि त्यही परिभाषामा भित्र भएको शोभाको अनुभव छ । धैर्यता, निरन्तरता र आत्मविश्वासले जीवन सार्थक बनाउँछ । झण्डै तीन दशकदेखि गलैंचा उद्योग सञ्चालन गर्दै आउनु भएको शोभा आफ्नो कामकै कारण आफ्नो देशमा मात्र होइन सफल उद्यमीका रूपमा विश्व बजारमा पनि परिचित हुनुहुन्छ । आफ्नै लगानीमा उहाँले हिमालयन डेकोर रग्स गलैंचा उद्योग सञ्चालन गरेर आफ्नै परिश्रम र त्यागमा उद्यम गर्न सकिन्छ भन्ने प्रमाणित पनि गर्नुभएको छ । हाल नेपाल घरेलु तथा साना उद्योग महासंघको उपाध्यक्ष शोभा महासंघकै महिला कमिटीको निवर्तमान अध्यक्ष हुनुहुन्थ्यो । यी गौरवशाली व्यक्तित्व शोभाको उद्योगमा तीन सय जनाले त रोजगारी नै पाएका छन् ।

## बाल्यकाल र शिक्षा

वि.सं.२०२८ साल चैत्र १ गते तनहुँको रिसिङ गाउँमा बुबा गञ्जसिंह गुरुङ र आमा उर्मिला गुरुङकी तेस्रो सन्तानका रूपमा जन्मिनु भएका शोभाका दुई दाजु, एक बहिनी र एक भाई हुनुहुन्छ । तत्कालीन समयमा नेपाली समाजमा छोरीहरूलाई शिक्षा ग्रहण गर्न सजिलो थिएन तर बुझ्ने परिवार भएका कारण वि.सं.२०३३ सालमा काठमाडौं महाराजगञ्जस्थित शिवपुरी माध्यमिक विद्यालयमा कक्षा एकमा भर्ना हुनुभयो । त्यहाँ उहाँले कक्षा तीनसम्मको अध्ययन गर्नुभयो । शोभाका बुबा नेपाली सेनामा कार्यरत भएकाले बुबाको सरुवा जहाँ भयो, त्यही गएर पढ्नुपर्थ्यो । एउटै कक्षा पनि दुई वटा विद्यालयमा पढेको अनुभव पनि छ । विद्यालय फरक गरिरहेका कारण साथीहरू नहुने भएकाले उहाँलाई चिन्ता लाग्थ्यो । सानैदेखि लगनशील र ज्ञानी स्वभावको भएका कारण आफन्तबीच सबैको प्रिय हुनुहुन्थ्यो । परिवारका सबै सदस्यहरूले 'ज्ञानी' भनेर बोलाउने गरेको शोभा सम्झिनुहुन्छ ।

कपिलवस्तु, हेटौंडा, चितवन विभिन्न जिल्लामा पढेर उहाँ एसएलसी दिने बेलामा भने शुरुमा पढेको काठमाडौंको शिवपुरी मावि महाराजगञ्जबाट वि.सं.२०४५

सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । फरक फरक विद्यालय र ठाउँबाट सानैमा भए पनि धेरै कुरा सिक्न पाएको पनि उहाँ बताउनुहुन्छ । एसएलसी परीक्षा दिइसकेपछिको खाली समयमा पनि उहाँले अंग्रेजी भाषा, कम्प्युटर कोर्ष र अंग्रेजी टाइपिङ सिक्नु भयो । शोभाका बुबाको इच्छा छोरीलाई सरकारी जागिरे बनाउने थियो । तर शोभाले भने व्यवस्थापन संकाय (कमर्स) पढेर व्यापार/व्यवसायतिर लाग्ने र भविष्यमा सफल उद्यमी बन्ने सपना देखिसक्नु भएको थियो । आफ्नो इच्छा अनुसार नै एसएलसी उत्तीर्ण भएपछि काठमाडौंस्थित पिपुल्स कलेज पकनाजोलमा व्यवस्थापन संकायमै भर्ना हुनुभयो । आइकममा अध्ययन गर्दागर्दै वि.सं.२०४७ सालमा परिवारको निर्णयअनुसार रामबहादर गुरुङसँग उहाँको विवाह भयो । विवाहपछि पारिवारिक जिम्मेवारी बढेका कारण उहाँको पढाइ त्यति राम्ररी अगाडि बढ्न सकेन । शिक्षा मानव जीवनको ज्योति हो भन्ने थाहा पाउँदा पाउँदै पनि स्नातकोत्तर तह पुरा गर्ने उद्देश्य पुरा भएन, पछि समाजशास्त्रबाट स्नातक तह उत्तीर्ण गर्नुभयो ।

## उद्यम यात्रा

बुबा सरकारी जागिरे र आमा घरेलु गलैंचा उद्यमी भए पनि उहाँको पारिवारिक आर्थिक पक्ष भने त्यति मजबुत थिएन । बुबाआमाको कमजोर आर्थिक स्थितिले नै शोभालाई आर्थिक पक्ष महत्वपूर्ण हो, यसलाई मजबुत बनाउनुपर्ने रहेछ भन्ने छाप बसेको थियो । जागिरबाट जेनतेन घर चल्ने बाहेक हुँदैन भन्ने बुबाको जागिरबाट देखिसकेकाले उहाँलाई जागिरभन्दा व्यापार व्यवसायलाई प्राथमिकता दिने सोच आयो । 'दिन कस्तो हुने भन्ने कुरा बिहानीले झल्काउँछ' भने जस्तै उहाँ बाल्यकालमा साथीहरूसँग खेल्दा पनि ढुङ्गा, माटो र काठलाई जम्मा गरी तराजुमा जोखेर बेच्ने खेल खेल्नुहुन्थ्यो । यसले पनि बालापनदेखि नै व्यापारप्रतिको रुचि झल्काएको हुनसक्ने उहाँलाई लाग्छ । मान्छेले आफुलाई श्रम र उत्पादनसँग जोडेर स्वरोजगार बन्न मात्र होइन अरुलाई रोजगार दिन सक्छ, आफ्नो आर्थिक स्थिति बलियो बनाउन सक्छ र राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सकिन्छ भन्ने विश्वास र मान्यता राखेर उहाँ अगाडी बढ्नु हुन्छ ।

आफ्नो रुचिको क्षेत्रमा सफलता प्राप्त गर्ने उद्देश्य पुरा गर्न आत्मबल बलियो बनाउँदै वि.स.२०५४ सालमा काठमाडौंको सामाखुसीमा डेढ रोपनी जग्गामा रहेको एउटा सटर भाडामा लिएर हिमालयन डेकोर रग्स प्रा.लि. स्थापना गरेर

गलैंचा उद्योग सुरु गर्नुभयो । उद्योगको रेखदेखदेखि सबै कारोबार आफैंले सम्हाल्दै आउनु भएको छ । गलैंचाबाट बनेका विभिन्न प्रकारका सामग्री स्वदेश तथा विदेशमा निर्यात उहाँको उद्योगले गर्ने गर्छ भने आवश्यक कच्चा पदार्थ आयात गर्नुपर्छ ।

त्यसो विवाहदेखि घर सम्हाल्ने जिम्मा पनि शोभाकै थियो । एक छोराकी आमा उहाँ काखको तीन महिने छोराको स्याहारसुसार गर्दैगर्दा पनि व्यापारमा उत्तिकै समय दिनुहुन्थ्यो । आमा, बुहारी, पत्नी र उद्यमीको जिम्मेवारी भएका कारण उहाँलाई फुर्सद कहिल्यै हुँदैनथ्यो । वि.सं.२०५८ सालमा काठमाडौंको गोंगबुमा आफ्नै घर बनाएपछि सामाखुसीमा गर्दै आएको व्यवसायलाई घरमै सारेर गर्न थाल्नुभयो । नयाँ ठाउँमा सारेपछि व्यापारलाई पहिलाकै जस्तै गरी निरन्तर संचालन गर्न निकै कठिनाइ भयो । नयाँ ग्राहक बनाएर व्यापार गर्दा ग्राहकको मन जित्न निकै लामो समय लागेको थियो ।

शोभाको उद्योगमा उत्पादन हुने विभिन्न डिजाइनका गलैंचाहरू अमेरिकालगायत युरोपका धेरै देशमा निर्यात हुँदै आएको छ । दुःखद कुरा वि.सं. २०५१/०५२ सालतिर नेपालमा बालश्रम शोषण विरुद्ध चर्को आवाज उठेपछि त्यसको असर नेपालका सम्पूर्ण औद्योगिक क्षेत्रमा पनि पर्‍यो । नेपालका गलैंचा उद्योगमा बालश्रमिक प्रयोग भएको भनेर युरोपियन देशहरूले नेपालका औद्योगिक क्षेत्रले उत्पादन गरेका उत्पादित सामग्रीहरू नलिने गरी नेपालका उत्पादित गलैंचामा रोक लगाए । त्यसले शोभाको उद्योगमा पनि असर पर्‍यो । झण्डै एक वर्षसम्म उत्पादित सामग्रीहरू निर्यात नभएपछि उहाँको गलैंचा व्यापारमा ठूलो घाटा लाग्यो । करिब एक वर्षपछि नेपाली उद्यमी र युरोपियन व्यापारीहरूबीच बालश्रम नगराउने सम्झौता भएपछि फेरि कारोबार सुचारु भयो । जुन बेला शोभालाई आर्थिक संकट र मानसिक तनाव भयो ।

## भूकम्पले निम्त्याएको महासंकट

२०७२ साल वैशाख १२ गते नेपालमा आएको विनाशकारी महाभूकम्पले जनधनको ठूलो क्षति भयो । भूकम्पले २५ वर्षसम्म कडा मेहनतका साथ आफ्नै पसिनाले निर्माण गरेको गलैंचा उद्योग, पाँच तले घर भत्कायो भने उद्योगमा काम गर्ने एकजना कर्मचारीको पनि निधन भयो । यो बज्रपातले उहाँलाई

एकैचोटी सडकमा ल्याइदियो । शरीरमा लगाएको एकजोर कपडामा टेन्टमा बस्नु परेको बाध्यात्मक परिस्थिति सम्झेर शोभा अहिले पनि झस्किनुहुन्छ । यद्यपि जीवनमा एकैपटक आइपरेको यत्रो महासंकटले उहाँको आत्मबल, आत्मविश्वास र धैर्यतामा पूर्णविरामै लगाउन भने सकेन । दु:ख र घाटालाई थाती राख्दै भूकम्प पीडित बस्ने टेन्टबाटै व्यापार संचालन गर्ने निर्णयमा पुग्नुभयो । तीन वर्षभित्रै भूकम्पको क्षतिलाई पुरा गर्ने अठोटका साथ टेन्टमा बसेको बाह्रौं दिनमा आफ्नो गलैंचा व्यापारलाई फेरि शुरु गर्नुभयो । कतिपय सञ्चारमाध्यममा 'करोड पतिबाट रोडपति' भन्दै समाचार पनि आए उहाँको अवस्थाको बारेमा । ती समाचारले झन् पीडा बल्झाइदिन्थ्यो । टेन्टबाट शुरु गरेको व्यापार नयाँ जस्तै भयो, कर्मचारीदेखि नयाँ ग्राहक खोज्दै हिंड्नुपर्‍यो ।

## समाजसेवा

शोभा सामाजिक क्षेत्रमा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । लाइन्स क्लब डिष्ट्रिक ३२५ ए वान (चिफ) र गुरुङ महिला राष्ट्रिय परिषदको उपाध्यक्ष भइसक्नु भएको छ । उद्यमशीलतालाई पहिचान बनाउनु भएकी उहाँले भूकम्पले थपिदिएको पीडा भुल्न भूकम्पपीडित १७ जना अनाथ बालबालिकाको पढाई र पालनपोषणको सम्बै खर्च व्यहोर्दै आउनु भएको छ । ती बालबालिकाहरू कोही कलेज त कोही विद्यालयमा अध्ययनरहत छन् । अरुलाई सहारा दिँदा आफ्ना पीडा क्रमश: कम हुँदै जाने र आत्मसन्तुष्टि पाएको शोभा बताउनुहुन्छ ।

## अवसर, सम्मान र पुरस्कार

उहाँले वि.सं. २०६६ सालमा जाइका इन्टरनेशनल महिला ट्रेडिङमा सहभागी भई जापानमा एकमहिने तालिम लिने अवसर पाउनुभयो । विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट सम्मान र पुरस्कार प्राप्त गर्नुभएको छ । अन्य पुरस्कारहरूमा :

१) नेपाल सरकार,उद्योग मन्त्रालयबाट (सफल महिला उद्यमी सम्मान, २०६७) ।
२) राष्ट्रिय नारी सेवा सम्मान, २०६७)
३) शान्ति र विकासका लागि नागरिकबाट (वरिष्ठ महिला उद्यमीका रूपमा तथा समाजसेवी, २०७१) ।

४) राष्ट्रिय जेष्ठ महिला सेवा सम्मान, २०७१)
५) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट जनसेवा श्री पदक, २०७५ आदि छन् ।

औद्योगिक क्षेत्रमा नेपाली महिलाको पहिचान स्थापित गराउन सफल शोभाको जीवनबाट महिलाले चुलोचौकोमा मात्र सीमित नभई आत्मनिर्भर र आत्मविश्वासी बन्नुपर्छ भन्ने प्रेरणा दिएको छ । आफ्नो जीवनस्तर र सामाजिक अवस्थालाई माथि उठाउन स्वयं महिला अझ बढी लाग्नुपर्ने उहाँको सुझाव छ । शोभा गुरुङ जस्तै अरु महिलाले पनि घरेलु उद्यमशीलतालाई व्यवसायिकरूपमा अगाडि बढाउन सके नेपाली महिलाको आर्थिक सशक्तिकरणमा ठूलो सहयोग पुग्दछ । ■